# करदाता सेवा कार्यालयबाट आफ्नै सिस्टममा कामकाज

नवलपरासी, ८ माघ। विगत महिनामा भैरहवा स्थित आन्तरिक राजश्व कार्यालय अन्तर्गत भएर काम गर्दै आएको परासी स्थित करदाता सेवा कार्यालय अबदेखि आफ्नै सिस्टममा काम शुरु गरेको छ। कार्यालयमा हालै सरुवा भई हाजिर भएका कार्यालय प्रमुख नरेश पंथीले पहिला करदाता सेवा कार्यालयको सिस्टम आफ्नै हुनु पर्ने पहल कदमी लिए पछि माघ ६ गते देखि आफ्नै सिस्टममा काम शुरु भएको हो।

स्थानीयबासीको लामो संघर्ष पश्चात परासीमा स्थापना भएको करदाता सेवा कार्यालय स्थापना भए पनि राजश्व कार्यालय भैरहवाको सिस्टममा काम गर्न परेको थियो। अहिले कार्यालयको आफ्नै काम गर्ने सिस्टम बनेको छ, कार्यालय प्रमुख पंथीले भने, कार्यालयले आफ्नै सिस्टममा काम गर्न थाले पछि जिल्लाको बर्दघाट र सुनवल नगरपालिकाका समेत सेवाग्राहीले परासी करदाता सेवा कार्यालयबाट सेवा पाउने भएका छन्। यो भन्दा पहिला भैरहवाको सिस्टममा काम गर्दा जिल्लाको रामग्राम नगरपालिका र सुस्ता, प्रतापपुर, सरावल र पाल्हिनन्दन गाउँपालिकाका सेवाग्राहीले मात्र सेवा पाएका थिए। यि पालिकाका सबै राजश्व सम्बन्धि कामकाज भैरहवा आन्तरिक राजश्व कार्यालयबाट हुँदै आएको थियो, भने वर्दघाट र सुनवल नगरपालिकाको सबै राजश्व सम्बन्धि कामकाज बुटवट स्थित राजश्व कार्यालयबाट सेवा प्रदान गरिएको थियो।

माघ महिना देखि अब नवलपरासी जिल्लाको सबै स्थानिय तहका राजश्व सम्बन्धी कामकाज परासीमा स्थापना भएको करदाता सेवा कार्यालयले सेवा दिने शुरु गरिएको कार्यालय प्रमुख पंथीले जनाए। अझ पनि यो सेवा कार्यालयलाई सीमित कार्य गर्ने जिम्मेवारी प्राप्त छ। भैरहवा स्थित आन्तरिक राजश्व कार्यालय अन्तरगत नै रहेर काम गर्न परेको छ। तर पनि सर्बसाधारणलाई समान्य स्थाई लेखा नम्बर (पान) लिन सक्ने यसै कार्यालयबाट भएको छ। केही गैरकानुनी कार्य गरि वा राजश्व सम्बन्धी जरिवाना गर्नको लागि यो कार्यालयलाई सिमा तोकिएको छ। तर बाकी अन्य सेवा यहीबाट शुरु भए पछि सेवाग्राहीलाई लाभ पुगेको छ। कार्यालयले विस्तारै आफ्नो काय क्षमता विस्तार गर्दै जानेमा विश्वास ब्यक्त गर्दै कार्यालय प्रमुख पंथीले भने, जम्मा ६ जना कर्मचारीको दरबन्दी छ,यो अति नै थोरै दरबन्दि हो, त्यसले काम गर्नमा केही असहजता भएको छ। तर अगामी दिनमा कामको प्रगति हेरेर सरकारले दरबन्दी बढाउनेमा उनले विश्वास ब्यक्त गरे।

जिल्लालाई नै तोकिएर आएको करदाता सेवाबाट जिल्लाबासीले कर बुझाउने देखी कर सम्बन्धी समस्या यसैबाट समाधान गर्न पाएकोमा खुशी लागेको नागरिक समाजका पूर्व अध्यक्ष सम्भु उपाध्यायले बताए। भैरहवामा कर तिर्न जाँदा यहाँका




सेवाग्राहीलाई कुनै कागजात छुटेमा अर्को दिन काम गराउन मात्र सम्भव हुन्थ्यो, उनले भने, कतिपयलाई भैरहवा आउजाउ गर्दा कर भन्दा अन्य खर्च बढी पर्न जान्थ्यो। नवलपरासीमा धेरै उद्योग धन्दा देखी ब्यवसायहरू थपिदै गएका छन्। उनीहरूले सरकारलाई राजश्व समेत तिर्दै आएका छन्। तर नवलपरासीबासीले राज्यकोषमा राजश्व मार्फत कति रकम बुझाए त्यसको रिकर्ड पाईको थिएन्। तर अब यो कार्यालयले सबै जिल्लाबासीको कर यहिँ बुझ्न थाले पछि जिल्लाले राष्ट्रिय राजकोषमा कतिको योगदान गऱ्यो, भनेर समेत थाहा पाइने छ। सो राजश्वको आधारमा सरकारसँग विकासका लागि बजेट माग गर्ने आधार समेत तयार हुने पुर्वअध्यक्ष उपाध्यायले बताए।

करदाता सेवा कार्यालय परासीमा खुलेसँगै करदातालाई परामर्श सेवा दिनका लागि आधा दर्जन बढि परामर्श फर्महरू पनि खुलेका छन्। ति फर्ममा दुई दर्जन बढिले रोजगारी पनि पाएका छन्। गाउबाट आउने महिला उद्यमीलाई समेत जिल्लाबाटै पान नम्बर पाउने भएकोले सुविधा भएको उनको भनाई थियो। धेरै उद्यमी ब्यवसायीहरू करको दायरामा पनि आउन थालेका छन्। त्यसबाट उनीहरू कानुन सम्बत काम गर्न पाएर दण्ड र जरिवानाको भागिदारीबाट बचेका छन्, उनले भने, यता राजकोषमा राजश्व समेत बढने भएको छ। करदाता सेवा फर्महरूले केही मनपरी र आफूखुशी सेवाग्राहीबाट रकम लिने गरेको सुनिएकोले तत्कालै कुन कामको कतिसम्म सेवा शुल्क लिन पाउनेबारे सर्बपक्षिय रूपमा आपसी समजदारी गरी कायम गरिने दाबी कार्यालय प्रमुख पंथीले दाबी गरेका थिए।

करदाता सेवा कार्यालयको लागि स्थानियबासीले गरेको पहलको धन्यबाद समेत दिँदै कार्यालय प्रमुख पथीले केही दिनमै स्थानिय संघसस्था प्रमुख, विशिष्ट ब्यक्तिव तथा कार्यालयका लागि भवन उपलब्ध गराउनमा पहलकदमी लिनेसँग बैठकको आयोजना गरि सहकार्यका लागि छलफल गरिने समेत उनको भनाई थियो। करदाता सेवा कार्यालय स्थापनाका लागि खाली रहेको तत्कालिन महिला बालबालिकाको कार्यालय भवन जिल्ला समन्वय समितिले उपलब्ध नगरादा सो कार्यालय सुनवलमा जाने हल्ला चले पछि प्रदेश साँसद बैजनाथ कलवारको नेतृत्वमा स्थानिय संघसस्थाले तालाबन्दी गरेका थिए। ■

# घुस खाने तीन जना प्रहरी निलम्बनमा

काठमाडौं, ८ माघ। सवारी चालकसँग घुस रकम लिने तीन जना प्रहरी कर्मचारीलाई पछिल्लो पटक वाग्मती प्रदेश प्रहरी कार्यालय हेटौँडाले कारवाही गरेको छ। आर्थिक प्रलोभनमा परी आफूलाई दिइएको जिम्मेवारी इमान्दारिताका साथ निर्वाह नगर्ने तीन जना प्रहरी कर्मचारीलाई निलम्बन गरिएको हो।

जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनमा कार्यरत प्रहरी हवल्दार लोकबहादुर घर्ती, प्रहरी जवान जमुना खड्का र वडा प्रहरी कार्यालय नारायणगढ चितवनमा कार्यरत प्रहरी जवान पूर्णसिंह रश्मी मगरलाई नियन्त्रणमा लिई प्रदेश प्रहरी कार्यालय हेटौँडामा झिकाइएकोमा उनीहरूको सम्बन्धमा थप छानविन गर्न हाललाई निलम्बन गरिएका प्रदेश प्रहरी कार्यालय हेटौँडाका वरिष्ठ प्रहरी उपरीक्षक मिरा चौधरीले जानकारी दिइन्।

प्रहरीको आन्तरिक शुद्धीकरण अभियानअन्तर्गत प्रहरी कर्मचारीलाई निलम्बन गरिएको उनले जानकारी दिइन। निलम्बित प्रहरी कर्मचारीको सम्बन्धमा थप छानविन गर्न प्रदेश प्रहरी कार्यालय हेटौँडाले प्रहरी नायब उपरीक्षक सुरेशप्रसाद काफ्लेको संयोजकत्वमा तीन सदस्यीय छानविन टोली गठन गरेको छ। वाग्मती प्रदेश प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले रकम लिँदै गरेको अवस्थामा उनीहरूलाई गत माघ ६ गते नियन्त्रणमा लिएको थियो। प्रदेश प्रहरीले सम्बन्धित स्थानमा स्थलगत रूपमा खटिइ गएका प्रहरी अधिकृतको टोलीले डिउटीमा खटिएको अवस्थामा यातायात व्यवसायीका दलालमार्फत भरतपुर महानगरपालिका-१ पुल्चोकस्थित कालीगण्डकी कोल्ड स्टोर (पान पसल) बाट अवैध रकम लिँदै गरेको अवस्थामा पक्राउ गरिएको थियो। चितवनको नारायणगण, पुल्चोक भई राजमार्गमा चल्ने बस, मिनिबस, माइक्रोबस व्यवसायीका दलालमार्फत नारायणगढ पुल्चोकमा डिउटीमा खटिएका प्रहरी कर्मचारीले पैसा लिने गरेको भन्ने प्राप्त सूचनाको आधारमा प्रहरीको सङ्लग्नता बारेमा अनुगमन एवं अनुसन्धान गर्न प्रदेश प्रहरी कार्यालय हेटौँडाबाट प्रहरी खटिएको थियो।

आफ्नो ड्युटीमा इमान्दारिता प्रदर्शन गर्ने प्रहरी कर्मचारीलाई पुरस्कृत गर्ने र गैरव्यावसायिक कार्यमा संलग्नलाई कारवाही गरी प्रहरी सेवालाई मर्यादित बनाउन वाग्मती प्रदेश प्रहरीले विशेष अभियानको रूपमा सञ्चालन गरिरहेको छ। वाग्मती प्रदेश प्रहरी कार्यालयअन्तर्गत कार्यालयमा कार्यरत प्रहरी कर्मचारीबाट नागरिक केन्द्रित, स्तरीय, प्रभावकारी र पारदर्शी सेवा प्रवाह गराउने उद्देश्यले प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक वसन्तकुमार लामाबाट विशेष कार्ययोजना बनाइ मातहत प्रहरी कर्मचारीबाट सम्पादन भैरहेको कार्यलाई अनुगमन र मूल्याङ्कन गर्न सिनियर प्रहरी अधिकृतको कमाण्डमा टास्क फोर्स गठन गरिएको छ। रासस

# सुदूरपश्चिम विश्वविद्यालयमा पठनपाठन शुरु




कैलाली, ८ माघ। सुदुरपश्चिमाञ्चल विश्वविद्यालयमा आजदेखि स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्ड अपनाई कक्षा सञ्चालन गरिएका छन्।

कोरोना भाइरस सङ्क्रमण जोखिमका कारण अनलाईनका माध्यमबाट कक्षा सञ्चालन हुँदै आएकोमा अबदेखि शिक्षक तथा विद्यार्थी प्रत्यक्ष रूपमा उपस्थित भई कक्षा सञ्चालन गरिएको हो।

विश्वविद्यालयको माघ ५ गतेको वैठकले प्रत्यक्ष रूपमा कक्षामा उपस्थित भई कक्षा सञ्चालन गर्ने निर्णयानुसार सञ्चालन गरिएको मानवीकी तथा सामाजिक शास्त्र सङ्काय विभागका प्रमुख हरिशचन्द्र भट्टले बताए। उनका अनुसार स्नातक छैटौ र आठौ सेमेस्टरका लागि बिहान १० बजेदेखि, स्नातक दोस्रो र चौथो सेमेस्टरका लागि बिहान ११ बजेदेखि र स्नातकोत्तर दोस्रो र चौथो सेमेस्टरका लागि दिउँसो ३ बजेदेखि कक्षा सञ्चालन गर्ने व्यवस्था गरिएको छ। यसैगरी, व्यवस्थापन सङ्कायका सम्पूर्ण कक्षासमेत सञ्चालन गर्ने निर्णय गरिएको छ।

बिबिए दोस्रो, चैथो, छैटौ, आठौ, बिबिएस दोस्रो वर्ष, तेस्रो वर्ष, एमबिएम दोस्रो सेमेस्टर चौथो सेमेस्टरका कक्षा सञ्चालनका लागि समय निर्धारण गरिएको छ। बिहान ६ बजेदेखि दिउँसो ३ बजेसम्म फरकफरक समयमा कक्षा सञ्चालन गर्ने गरी व्यवस्था गरिएको छ। शिक्षा शास्त्र विभागअन्तर्गत स्नातक र स्नातकोत्तरका कक्षा समेत बिहान ८ बजेदेखि दिउँसो ३ बजेसम्म सञ्चालन हुने भएका छन्। ■

**प्यूठानका..**

'उहाँहरूलाई हटाएमा गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन सकिँदैन्',उनले भने,'हाम्रोमा पर्याप्त दरबन्दी नभएकाले अस्थायी र करारका कर्मचारीहरूलाई यथावत राख्नैपर्छ।'

जिल्लाभर सेवा अवधि कटाइएका कर्मचारीहरूमा खानेपानी तथा सरसफाई इकाइ (वास), नगर सहजकर्ता, सामाजिक परिचालक, मेयर, गाउँपालिका अध्यक्षका स्वकीय सचिव, प्रेस संयोजक लगायत छन्। स्वर्गद्धारी नगरपालिकामा नगर विकास सहजकर्ता, नगरप्रमुखकका स्वकिय सचिव, सुरक्षा सल्लाहकार, सामाजिक परिचालक पदमा कार्यरत अस्थायी, करारका कर्मचारीहरूको सेवावधि थप नगरिएको प्रमुख प्रशासकीय अधिकृत बम बहादुर केसीले जानकारी दिए। 'स्थानीय सरकारले आफ्नै नीति बनाएर कर्मचारी करारमा राख्न पाउछ', उनले भने, 'तर अहिले यही अवस्थामा निरन्तरता दिने स्थिति भएन्।' अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलले प्यूठानका स्थानीय तहहरूमा दरवन्दी बाहेक थप कर्मचारी करार र अस्थायी सेवामा नराख्न पत्र पठाएको प्रमुख प्रशासकीय अधिकृतहरूले बताएका छन्।

दरबन्दी बीनाका कर्मचारीहरूको म्याद थपिएको छैन्। स्थानीय निकाय हुँदा जिविस, गाविस हुँदै हालसम्म कार्यरत कर्मचारीहरू यसभित्र परेका छन्। स्थानीय तहमा नयाँ कर्मचारी पदपूर्ति भएसँगै करारका कर्मचारीहरूलाई विदाई गरिएको मल्लरानी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत बालकृष्ण थापाले जानकारी दिए। 'दरवन्दीबीनाका कर्मचारीलाई तलव खुवाउन सकिएन',थापाले भने,'चालु आर्थिक वर्षको साउनदेखि ११ जना कर्मचारीहरूको म्याद थपिएको छैन्।' दरवन्दी भन्दा बाहिरका कर्मचारीहरूलाई निरन्तरता नदिने विषयमा अख्तियार दुरूपयोग अनुसन्धान अयोगको कार्यालय बुटवलमा उजुरी परेपछि जिल्लामा अस्थायी र करारका कर्मचारीहरू हटाउने विषयमा बहस चलेको थियो। अख्तियारले बयानका लागि बोलाई उजुरलाई विशेष अनुसन्धानमा लगी मुद्दा दायर गर्ने अवस्था सृजना हुनथालेपछि बाध्य भएर कार्यरत कर्मचारीहरूलाई हटाउनु परेको प्यूठान नगरपालिका प्रमुख प्रशासकीय अधिकृत यज्ञ बहादुर बुढाले जानकारी गराए। 'बाध्यताले उहाँहरूलाई हटाउनुपरेको हो',उनले भने।

**कर्मचारीहरू आन्दोलित**

गाउँपालिका र नगरपालिकाहरूले बीना कारण आफूहरूलाई हटाएको भन्दै कर्मचारीहरूले पूनःबहालीका लागि कानुनी बाटो खोज्ने निर्णय गरेको छ। सेवाबाट निकालिएका कर्मचारीहरूको बिहीवार विजुवारमा भएको छलफलले शुरुमा कानुनी उपचार खोज्ने र सुनुवाई नभए आन्दोलनमा उत्रिने समेत निर्णय गरेका छन्।

**निर्वाचनमा...**

प्रम ओलीले असंबैधानिक ढंगले नेपाली जनतालाई धोका दिने उद्देश्यले गरेको संसद बिघटन पुनःस्थापना भएरै छाड्ने आशा र भरोषा ब्यक्त गर्दै नेता थापाले अदालतले फैसला गर्दा न्यायपुर्ण ढंगले गर्ने बिश्वास समेत ब्यक्त गरेकाछन्। उनले भने—सम्मानित न्यायमूर्तिहरू कसैको प्रभावमा नपरि संबैधानिक धारा उपधाराको ब्याख्या गरेर कसैप्रति आग्रह पूर्वाग्रह नराखेर निर्णय गर्नुस्।

पुर्वमन्त्री समेत रहेको थापाले अगाडी भने—नेकपाका दुबै समुहका नेताहरूलाई यो प्रश्न गर्नुस् तपाईहरूलाई जनताले दुई तिहाईको सरकार बनाउन अभिमत प्रदान गरेका हुन्। हठात संसद् बिघटन गरेर फेरी दुई तिहाईका लागि भन्दै निर्वाचनमा जाने अवस्था कसरि आयो र हामी यहाँ छौं भन्दै सडकमा रोईलो गर्ने परिस्थिती कसरी सिर्जना भयो, यसको प्रमुख दोषी को हो र उसले के सजाय पाउनु पर्छ ?

**सडकमै...**

मारुती फुडपार्क भन्ने तर आउने गाडी सडकमा पार्किङ्ग गरेर कस्तो खालको फुड पार्क बनाएका होलान ? उद्योग सञ्चालकहरू प्रति ब्यंग्य गर्दै एक स्थानीयले भने, सार्वजनिक सडक कब्जा गरेर गाडी पार्किङ्ग गर्ने र बाहिरका मान्छेले त्यही हेरेर 'यो फुड पार्किङ्ग हो' भनेर प्रचार गराउनका लागि होला। हालै सञ्चालनमा आएको सो उद्योगका सञ्चालक धिरज अग्रवाल, विरेन्द्र अग्रहरी, धनपत यादव र विनोद अग्रहरी रहेका छन्। यि सबै स्थानियबासी नै हुन् तर स्थानियकै समस्या प्रति यिनीहरू गैरजिम्मेवार बनेको आरोप स्थानीयबासीको छ।

उद्योगलाई नाफा भए सञ्चालकहरूलाई लाभ होला तर सडक कब्जा गरि पार्किङ्ग गर्न लगाउँदा कुनै ठूलो दुर्घटना भयो भने त्यसको जिम्मेवारी कस्ले लिने हो, उनको प्रश्न थियो, स्थानीय प्रशासनको हो कि उद्योग सञ्चालकको हो ? उद्योगको क्षमता अनुसार सिमित ट्रक ल्याएर उद्योग परिसरमा पार्किङ्ग गरेर अपलोड गर्नु पर्ने हो। सडकमा पार्किङ्ग गर्ने होईन् उनले थपे, सहनसिलताको बाँध भत्किए स्थानीयबासी उद्योग विरुद्ध संघर्षमा उत्रिने चेतावनी समेत दिएका थिए। मारुती फुड मात्रै नभई सरावल ३ स्थित आरती एग्रोमा धान लिएर आउने ट्रक समेत हुलाकी सडकमै पार्किङ्ग हुने गरेको स्थानियले बताएका छन्। नेपालमा उद्योग खुले पनि यि उद्योगहरूले नेपाली किसानको सरकारले तोकेको समर्थन मुल्यमा धान खरिद गरेका छैनन्, यी उद्योगहरूले सबै धान भारतबाट मगाउँदा स्थानीय किसानको धान सस्तोमा बिक्री गर्न बाध्य छन्। यस्ता उद्योगले जिल्लाका धान किसानलाई मर्का समेत परेको स्थानियको भनाइ रहेको छ। यता कुनै पनि सार्वजनिक मार्ग वा भित्री सडकमा गाडी पार्किङ्ग गर्न नपाउने परासी स्थित ट्राफिक कार्यालयका प्रमुख ट्रफिक प्रहरी नायब निरिक्षक ज्ञान प्रसाद ज्ञवालीले बताए। पार्किङ्ग गरिएका सबै ट्रक हटाउन लगाउने उनले दावी गरेका थिए। तर उद्योग सञ्चालकहरू विभिन्न राजनीतिक दलसँग आवद्ध भएका नेताहरू भएको हुदा पार्किङ्ग हटाउन ट्राफिक प्रहरीलाई चुनौती हुने स्थानियको भनाई थियो। उद्योगीहरू राजनीति दलमा बस्ने र राजनीतिको फाईदा उठाउँदै आफ्नो दुनो सोझ्याउने प्रविधि हावी रहेको छ।

**धारिलो...**

चार सन्तानकी आमा समेत रहेकी मृतक धोबी घरबाट बुधवार साढे पाँच बजे घरबाट निस्के पछि राति अबेर सम्म नफर्किदा गाउँलेहरू तथा परिवारद्धारा खोजतलासको क्रममा उनको शव देखेर प्रहरीलाई खबर गरिएको एसपी पोखरेलले भनाइ छ। यो समाचार तयार पार्दा सम्म हत्याको कारण तथा हत्यारालाई प्रहरीले पत्ता लगाउन नसकेको हुँदा निजको छोरा जोगेन्द्र धोबीले यथाशीघ्र पक्राउ गरि कारवाहीको माग गरेका छन।

हत्याराको खोजी कार्यमा सरोकारवालालाई खोजी तथा अनुसन्धान कार्यमा सहयोग गरिदिन उनले आग्रह समेत गरेका छन।

**मोटरसाईकल हराएको सूचना**

श्री आवश्यक बचत तथा ऋण सहकारी संस्था लि को नाममा रहेको मोटर साईकल मिति २०७७।०८।२७ गतेको दिन मेरो निम्न व्यहोराको बजाज कम्पनीको कालो/निलो रंङ्ग 220CC को पल्सर मोटरसाईकल **लु ५४ प २८८०** को मोटरसाइकल चोरी भएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गर्नुहोला।

**नाम:** शेर अली मिया
**चेसिज नं.** : MD2A13EY4KCB82687
**इन्जिन नं.** : DKYCKB99663
**फोन नं.** : ९८०७४७२३२९

**पाइल्स फिस्टुलाको डाक्टर अब तपाईको शहर बुटवलमा**

**पाइल्स फिस्टुला फिसर क्षारशुत्र विधिद्वारा उपचार**

धनवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि., काठमाडौंका वरिष्ठ आयुर्वेद फिजिसयन डाक्टर राजिव घिमिरेद्वारा पाइल्स फिस्टुला फिसर क्षार सुत्र विधिद्वारा उपचार लगायत पेट सम्बन्धी समस्या भएका बिरामीहरुको चेकजाँच गरिने हुँदा त्यस्ता समस्या भएका बिरामीहरुले यथाशिघ्र सम्पर्क गरी विशेषज्ञ सेवाको लाभ लिई आफ्नो रोगको पूर्ण निदान गर्नुहोस्।

**:- डाक्टरद्वारा दिईने सेवाहरु :-**

**पाईल्स:** कहिले पखाला र कहिले कब्जियत, पेट फुल्ने, गुद्दारमा मासु पलाउने, दिशा गर्दा रगत आउने, पाल्ने, दुख्ने, सुन्निने।
**फिस्टुला:** गुद्दारमा घाउ, खटीरा आउने, दिसा गर्दा दख्ने, पिप निस्कने, पोल्ने कब्जियत हुँदा देख्ने।
**फिसर:** गुद्दारमा चिलाउने, चिरा पर्ने, घाउ आउने, दिसामा रगत देखा पर्ने आदि।
- **बिरामी जाँच्ने समय:** बिहान ९ बजेदेखी ५ बजेसम्म।
- **बिरामी जाँच्ने मिति:** २०७७ माघ १३ गते मंगलबार।

सम्पर्क: **माता मनकामना आरोग्य केन्द्र** तथा **सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक**
बुटवल-१०, (ॐ मिष्ठानन भण्डारको दोश्रो तल्ला, राजमार्ग चौराहा चोकदेखि १०० मिटर उत्तरतर्फ), **फोन: ०७१-५४८८९३, ९८४७३५२१२७**
जानकारीका लागि टोल फ्रि नम्बर: १६६००१२५४६० यो नम्बरमा फोन गर्दा पैसा लाग्दैन।

## भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### नुवाकोट, अर्घाखाँची

### सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**दोश्रो पटक सूचना प्रकाशित मिति: २०७७/१०/०९**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३, दफा ११ को घ. को उपदफा (६) बाट प्राप्त अधिकार, भूमिकास्थान नगरपालिकाको नगर कार्यपालिका बैठकबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनर प्रदेश सरकार, लुम्बिनी प्रदेशद्वारा २०७७ साउन १ गते प्रदेश राजपत्रमा प्रकाशित प्रदेश आर्थिक ऐन, २०७७ बमोजिम भूमिकास्थान नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेका तपसिलमा उल्लेखित खोलाहरूबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्रीका लागि सम्झौता भएको मिति देखि २०७८ साल जेष्ठ मसान्तसम्मका लागि आ.ब.०७७/७८ मा ठेक्का प्रकृयाको माध्यमद्वारा कर संकलन गर्ने निर्णय भएको हुँदा तपसिलमा उल्लेखित शर्तहरूका अधिनमा रही ठेक्का प्रकृयामा आउन ईच्छुक मुल्यअभिबृद्धि करमा अनिवार्य दर्ता भएका व्यक्ति, फर्म तथा संघ संस्थाहरूले शिलबन्दी बोलपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. प्रत्येक ठेक्काको बोलपत्र फारामको लागिरु.१०००।- (फिर्ता नहुने गरी) मा यस कार्यालयबाट मिति २०७७/१०/१५ गतेसम्म खरिद गर्न सकिनेछ।
२. आफूले कवोल गरेको रकमअङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गरी बोलपत्र फाराममा ठेकेदारको नाम, थर, ठेंगाना र सही छाप एवम् संघ संस्थाको भए छाप समेत लगाई मिति २०७७/१०/१६ गते दिनको १२:०० बजे भित्र भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा दाखिला गरिसक्नु पर्नेछ।
३. दाखिला भएका बोलपत्रहरू मिति २०७७/१०/१६ गते दिनको १:०० बजे भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा विभिन्न प्रतिनिधिहरूको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने, दाखिला गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्य सो को भोलिपल्ट हुनेछ।
४. बोलपत्रदाताले आफूले कवोल गरेको अंकको नेपाली भए ५ (पाँच) प्रतिशत, गैर नेपाली भए १० (दश) प्रतिशतले हुने रकम भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीको नाममा सेन्चुरी कमर्सीयल बैंक, भूमिकास्थान शाखा, नुवाकोट, अर्घाखाँची स्थित धरौटी खाता नं.०९००००००४GE मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकद्वारा मान्यताप्राप्त बैंकद्वारा भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँचीको नाममाजारी भएको १२० दिन म्याद भएको विडबण्ड पेश गर्नुपर्ने छ।
५. बोलपत्र फाराम स्वीकृत भएपछि बोलपत्रदाताले कवोल गरेको कुल रकमको नेपाल राष्ट्र बैंकद्वारा मान्यताप्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको ठेक्काको अवधिभन्दा ३० दिन बढी सम्मको म्याद भएको परफरमेन्स वण्डको सक्कल पत्र वा नगद जम्मा गरेको सक्कल बैंक भौचर पेश गरेपछि बोलपत्रदाता सँग सम्झौता गरी ठेक्काको चलान पूर्जी दिइने छ।
६. बोलपत्रदाताले सम्झौताको समयमा ठेक अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाउँदा बढीमा दश प्रतिशत सम्म रकम छुट दिन सकिने छ।
७. गतविगत सालमा ठेक्का लिई रकम बुझाउन बाँकी राखेका व्यक्तिहरूले ठेक्का प्रकृयामा भागलिन पाउने छैनन। तर भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा बुझाउनु पर्ने सबै रकम भुक्तानी गरेमा ठेक्का लिनबाट बञ्चित गरिने छैन।
८. यस सूचनामा उल्लेख भएका विषयको हकमा सोही अनुसार र बांकी विषयहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ।
९. ठेकेदार र कार्यालयको बीचमा कुनै किसिमको विवाद पर्न गएमा भूमिकास्थान नगर कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ।
१० आफूले लिएको ठेक्काको चलन गरी रकमउठाउने जिम्मेवारी स्वयं ठेकेदारमा नै हुनेछ। ठेक्का रकम उठाउन नसकेको कारण जनाई भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय सँग कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाईने छैन।
११. भूमिकास्थान नगर कार्यपालिकाको कार्यालयको स्वीकृति वेगर ठेकदारले ठेक्का छाड्न पाउने छैन। तर ठेक्का शर्त अनुसार ठेकदारले पालन गर्नुपर्ने शर्तहरू पालन नगरेमा कार्यालयले ठेक्का तोडी अर्को ब्यबस्था गर्न सक्नेछ। यसरी ठेक्का तोड्दा भएको हानी नोक्सानी र हर्जाना समेत सम्बन्धित ठेकेदारले ब्यहोर्नु पर्नेछ।
१२. ठेक्का स्वीकृत भई सम्झौता भए पश्चात् ठेकेदारले सम्बन्धित क्षेत्रमा ठेक्का शीर्षक रसम्झौता रकम सहितको होर्डिङ बोर्ड अनिवार्य रूपमा राख्नु पर्नेछ।
१३. प्राप्त बोलपत्र फाराम आंशिक वा पूर्ण रूपमा स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
१४. सबै ठेक्का नं. हरूमा कवोल अङ्कको १.५ प्रतिशत अग्रिम आयकर र थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर लाग्ने छ।
१५ यस सम्बन्धी थप सूचना जारी गर्नु परेमा यस कार्यालयको वेभसाईट www.bhumikasthanmun.gov.np तथा कार्यालयको सूचना पाटीमा टाँस गरिने छ र त्यसरी टाँस गरिने सूचना पनि यसै सूचनाको अङ्ग मानिने छ।
१६ प्रकाशित सूचना बमोजिम कुनै बिषय फरक पर्न गएमा सो को अन्तिम निर्णय गर्ने अधिकार भूमिकास्थान नगर कार्यपालिकाको कार्यालयमा निहित हुनेछ।
१७ यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा फोन नं. ९८५७०६९९८१/९८५७०६९९८७/९८५७०६९७९२/९८५७०६९७९१ मा सम्पर्क गर्न सकिने छ।

**ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्रीकर, शुल्क संकलन सम्बन्धी ठेक्काको विवरण**

| ठेक्का नं. | विवरण | श्रोत संकलनकालागितोकिएको विन्दु | ०७७/७८को लागि कायम न्यूनतम ठेक रकम (मु.अ.कर बाहेक) | संकलनगर्न पाउने रकम (१३% मु.अ.कर बाहेक) | इकाई | बार्षिक रूपमा निकाल्न सकिने परिमाण (घ.मी.) |
|---|---|---|---|---|---|---|
| 29/BMA/W/IR/077/78 | दुर्वाङ्ग खोला | आपखोला झो.पु.देखी दक्षिण तर्फबाट गंगटे हुँदै भगेनी र दुर्वाङ्गको संगम क्षेत्र विरौटासम्म | ७७४२२०.०० | ५.०० | प्रति क्यू.फिट | ४३८९.०० |
| 30/BMA/W/IR/077/78 | खाकाबेसी खोला | भूमेकाथानमौलाबोट दोभान क्षेत्र देखि जोगिटारी बगुवा क्षेत्रसम्म | १७०५९१.०० | ५.०० | ,, ,, | ९६७.०७ |